# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
फ्याक्स: ०१-४४५०३५६
टोल फ्रि नं.: १६६००१२७७७७

पत्र संख्या: २०७७/७८
च.नं.

मितिः२०७८।०१।२०

**सेवा करार लिने सम्वन्धी सूचना ।**
**(सूचना प्रकाशित मितिः२०७८।०१।२०)**

प्रस्तुत विषयमा यस कागेश्वरी मनोहरा नगरपालिकाको लागि देहाय बमोजिम सेवा ६ महिनाको लागि सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवेदन दरखास्त फारम यस नगरपालिकाको Websisite www.kageshworimanoharamun.gov.np बाट उपलव्ध हुने छ ।

| सि.नं. | पद नाम | आवेदन दस्तुर | आवश्यक संख्या | तलव स्केल मासिक |
|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | रु.१०००।- | २ | रु.४०,०००।०० |
| २ | स्टाफ नर्स | रु.४००।- | ५ | रु.२०,०००।०० |

२. **शैक्षिक योग्यता र अनुभवः**

(क) नेपाली नागरिक ।

(ख) न्यूनतम योग्यताः मेडिकल अधिकृत पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS उतीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको र स्टाफ नर्स पदको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतीर्ण गरी नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको प्रमाणपत्र ।

(ग) मेडिकल अधिकृत पदको लागि २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको र स्टाफ नर्सको पदको लागि १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।

(घ) अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।

३. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः** उम्मेदवारको व्यक्तिगत विवरण, आवश्यक न्यूनतम योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ ।

**नोटः आवेदन दस्तुर यस नगरपालिकाको राजश्व शाखामा बुझाई सक्कलै रसिद, आवेदन र आवश्यक अन्य कागजात संलग्न गरी यस नगरपालिकाको स्वास्थ्य तथा सरसफाई शाखामा बुझाउन सकिनेछ वा यस नगरपालिकाको एन.आई.सी.एशिया बैंक, थली शाखामा रहेको आन्तरिक राजश्व खाता नं. (ग.१.१.) 0182050029545002 मा बुझाई सो को सक्कल भौचर र दरखास्त साथ संलग्न गर्नु पर्ने आवश्यक कागजातहरु स्क्यान गरी यस नगरपालिकाको इमेल ठेगाना e-mail: er.kageshworimun@gmail.com मा पठाउन सकिनेछ ।**

अधिकृतस्तर (सात)